**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# 'व्यावहारिक समालोचना' कृतिमा आनन्ददेव भट्टको समालोचनाकारिता

बालाकृष्ण अधिकारी, *पिएचडी*
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: adbalakrishna2036@gmail.com

**Article History: Received:** 31 August 2021; **Revised:** 04 December 2021; **Accepted:** 06 December 2021

## लेखसार

प्रस्तुत लेखमा 'व्यावहारिक समालोचना' कृतिका आधारमा यस कृतिका लेखक आनन्ददेव भट्टको समालोचनाकारिताको विश्लेषण र मूल्याङ्कन गरिएको छ । प्रस्तुत सन्दर्भमा समालोचनाकारिताले समालोचनाकृतिमा अन्तर्वस्तु र रूप दुवैको सुन्दर संयोजन गर्ने समालोचकको कौशललाई बुझाएको छ । यस आलेखमा प्रगतिवादी समालोचनाका आधारभूत मान्यताको पुनर्संयोजन गरी समालोचनाको विश्लेषणका मापदण्ड निर्माण गरिएको छ र तिनै मापदण्डका आधारमा सम्बद्ध कृतिको गुणात्मक विश्लेषण गरिएको छ । विश्लेष्य कृतिमा सङ्गृहीत १६ ओटा फुटकर समालोचनाहरू नै यस लेखका आधारभूत सामग्री हुन् भने पुनर्निर्मित प्रगतिवादी समालोचनाका मानदण्ड नै समालोचना वा समालोचनासङ्ग्रह विश्लेषणको अवधारणात्मक आधार हो । यस लेखमा अन्तर्वस्तुयोजनाका वस्तुविवरण, विचारधारा र मूल्यनिर्णय तथा रूपयोजनाका प्रक्रियाबद्धता र प्रस्तुतीकरण गरी पाँचओटा मानदण्डका आधारमा सम्बद्ध समालोचनाकृतिको विश्लेषण र मूल्याङ्कन गरिएको छ । 'व्यावहारिक समालोचना' कृतिमा भट्टका स्रष्टापरक, कृतिपरक, प्रवृत्तिपरक, साहित्यको आन्दोलनकेन्द्री र विधाको लक्षणशास्त्रकेन्द्री गरी पाँचओटा विषयक्षेत्रका समालोचना सङ्कलित छन् । सम्बद्ध तथ्यहरूको परीक्षण तथा सामान्यीकरणबाट प्रगतिवादी विचारधाराको प्रयोग गरी स्रष्टा, कृति र प्रवृत्तिको निर्भीक मूल्यनिर्णय गर्ने समालोचक आनन्ददेव भट्टका समालोचनाको अन्तर्वस्तु उपयुक्त भए पनि विधिपद्धतिको प्रयोग, प्रक्रियाबद्धता र प्रस्तुतीकरणका दृष्टिले रूपयोजना अस्पष्ट, अव्यवस्थित र विशृङ्खलित रहेको निष्कर्ष निकालिएको छ ।

***मुख्य शब्दावली*** : वस्तु विवरण, विधारधारा, मूल्यनिर्णय, प्रक्रियाबद्धता, प्रस्तुतीकरण

## परिचय

व्यावहारिक समालोचना (२०४८) आनन्ददेव भट्टको चौथो समालोचना ग्रन्थ हो । यस कृतिमा भट्टका वैचारिक तथा भावप्रधान प्रतिनिधि समालोचनाहरू सङ्कलित छन् । आनन्ददेव भट्ट (सन्

*Copyright 2021 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

१९३६, अक्टोबर) नेपाली साहित्य-समालोचनामा प्रगतिवादी विचारधारालाई अवलम्बन गर्ने समालोचक हुन् । नेपाली साहित्यका कविता-काव्य, निबन्ध, समालोचना आदि विधामा आफ्ना सिर्जनात्मक र समीक्षात्मक प्रतिभाले स्थापित भट्टको समालोचनाकारिता अध्ययन-अनुसन्धानको विषयक्षेत्र भएकाले त्यसको खोजी गर्नु आवश्यक छ । उनका अनेक समीक्षा ग्रन्थहरू भए पनि प्रस्तुत सन्दर्भमा भट्टका समालोचनाकारिताको पहिचान र निर्क्योल गर्ने मूल आधार सामग्री व्यावहारिक समालोचना कृति नै हो । यसै कृतिमा आनन्ददेव भट्टले समीक्षाको अन्तर्वस्तु केलाएका छन् र त्यसलाई प्रस्तुत गर्ने तौरतरिका र ढाँचा कस्तो छ भन्ने मूल शोधप्रश्नमा केन्द्रित भएर यो लेख तयार पारिएको छ । त्यसैले सम्बद्ध कृतिका आधारमा आनन्ददेव भट्टको समालोचनाकारिताको पहिचान र निरूपण गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य हो । यस लेखमा सम्बद्ध कृतिका अन्तर्वस्तु र रूपयोजनाको विश्लेषणका आधारमा आनन्ददेव भट्टको समालोचनाकारिताको सामान्यीकरण तथा मूल्याङ्कन गरिएको छ । तसर्थ व्यावहारिक समालोचना यस लेखको मूल आधारभूमि हो भने समालोचनाकारिता यस लेखको समस्याभूमि हो ।

## पूर्वकार्यको समीक्षा

नेपाली समालोचना लेखनमा कुनै एकजना समालोचकको कुनै एउटा कृतिमा केन्द्रित समालोचनाकारिता (अन्तर्वस्तु र रूप) को विश्लेषण र मूल्याङ्कन गर्ने परम्परा विकसित भइसकेको छैन तथापि गङ्गाप्रसाद उप्रेती (२०४८) ले व्यावहारिक समालोचना कृतिको 'भूमिका'मा आनन्ददेव भट्टको समालोचनाकारिताको सङ्क्षिप्त रेखाङ्कन गर्दै व्यावहारिक समालोचना कृतिको सङ्क्षिप्त विमर्श प्रस्तुत गरेका छन् । त्यस्तै राजेन्द्र सुवेदी (२०६८) ले समालोचक आनन्ददेव भट्टको समालोचनात्मक विशेषताका बारेमा प्रकाश पारेका छन् । नेपाली साहित्यका इतिहास लेखकहरू तारानाथ शर्मा (२०५६), दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०५९), घनश्याम नेपाल (सन् २००९) आदिले आनन्ददेव भट्टलाई समालोचनाको इतिहासमा समेटेका छन् । अन्य विभिन्न जीवनीपरक समालोचना, व्यक्ति प्रतिभासँग सम्बद्ध ग्रन्थलेखन एवं सम्पादन र स्मृति ग्रन्थहरूमा कृतिकेन्द्री समालोचनाकारिताको विमर्श गरिएका भए पनि व्यावहारिक समालोचना नामक कृतिमा केन्द्रित भएर अन्तर्वस्तु र रूपयोजनाका दृष्टिकेन्द्रबाट औपचारिक रूपमा भट्टका समालोचनाकारिताको निरूपण अभैसम्म हुन सकेको छैन । यस लेखमा त्यही रिक्ततालाई पूरा गरिएकाले यसको प्राज्ञिक महत्व र औचित्य पुष्टि हुन्छ । त्यस्तै भट्टको मुख्य समालोचनात्मक कृति व्यावहारिक समालोचना हो र यसै कृतिका केन्द्रमा उनका समालोचनात्मक विशेषता निर्माण भएका हुनाले यस कृतिमा सङ्कलित सोह्रओटा समालोचनाका अन्तर्वस्तु र रूपयो जनाको विश्लेषणलाई यस लेखको मुख्य शोधग्रह मानिएको छ । समालोचक आनन्ददेव भट्टका सामान्यीकृत समालोचनात्मक विशेषताका साथै विश्लेष्य कृतिमा सङ्कलित समालोचनाको अन्तर्वस्तु र रूपपक्षको बोधका लागि यो लेख प्राज्ञिक तथा व्यावहारिक दृष्टिले उपयोगी रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

व्यावहारिक समालोचना कृतिका आधारमा आनन्ददेव भट्टको समालोचनाकारिताको विश्लेषण गर्नु एउटा अनुसन्धानमूलक कार्य हो । यसको कार्यप्रक्रियाका क्रमागत पक्षमा विचार गर्दा सम्बद्ध प्राज्ञिक समस्याको समाधान गरी निर्धारित उद्देश्यप्राप्तिका चरणसम्म पुग्नका लागि प्रस्तुत लेखमा आधारभूत र सन्दर्भ गरी दुई प्रकारका सामग्रीहरू सङ्कलन गरिएको छ । व्यावहारिक समालोचना यस लेखको आधारभूत स्रोतसामग्री हो भने यस कृतिसापेक्ष भएर भट्टका बारेमा गरिएका पूर्वाध्ययनहरू तथा समालोचनाकारिताको अवधारणाका बारेमा विमर्श गरिएका सामग्रीहरू सन्दर्भ सामग्री हुन् । आधारभूत सामग्रीको विश्लेषण र मूल्याङ्कन गर्नका लागि सन्दर्भ सामग्रीलाई उपयोग गरिएको छ । यी दुवै प्रकारका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक सम्बन्धको प्रतिफलन कला हो । त्यसैले यहाँ सम्बद्ध समालोचना कृतिमा सङ्कलित समालोचनाको अन्तर्वस्तु र त्यसको प्रस्तुतीकरणको योजनाको समष्टिलाई समालोचनाकारिता मानिएको छ । यसप्रकारको सैद्धान्तिक व्याख्याका लागि मोहन चैतन्य (२०५४/२०६४) मार्क्सवादी कलादृष्टि र समीक्षा कृतिमा सङ्कलित 'प्रगतिवादी समालोचनाका मापदण्ड' मा प्रस्तुत प्रगतिवादी समालोचनाका मापदण्ड, बालाकृष्ण अधिकारीका विद्यावारिधि शोधप्रबन्ध नेपाली साहित्यको इतिहासलेखनका पद्धति (२०७६) र मार्क्सवाद र साहित्येतिहास दर्शन (२०७७) कृतिमा प्रस्तुत कृतिविश्लेषणमा अन्तर्वस्तु र रूपयोजनासँग सम्बद्ध सिद्धान्तलाई उपयोग गरिएको छ । चैतन्यद्वारा व्याख्या गरिएको प्रगतिवादी समालोचनाका मापदण्डसँग मार्क्सवाद र साहित्येतिहास दर्शन कृतिमा प्रस्तुत अन्तर्वस्तु र रूपयोजनाका तत्वहरूलाई समालोचना विधाको विश्लेषणमा अनुकूलन गरी सम्बद्ध कृतिको विश्लेषण गर्ने रूपाधार निर्माण गरिएको छ । यस लेखमा प्रगतिवादीमान्यतालाई कृतिविश्लेषणको दार्शनिक आधार मानिएको छ र त्यसैका आधारमा सामान्यीकृत निष्कर्ष निकालिएको छ । यसर्थ प्रस्तुत लेख गुणात्मक र विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

## समालोचना विश्लेषणका आधारभूत मानदण्ड

कलासाहित्यमा सत्य, शिव र सुन्दरको प्रस्तुति हुन्छ । यी एकअर्काका परिपूरक र सम्पूरक हुन्छन् । सुन्दरको अस्तित्व सत्य र शिवसँग जोडिएको हुन्छ । त्यस्तो कलासाहित्य मात्र सुन्दर हुन्छ जसमा प्रकृति सत्यको उद्घाटन गरिएको हुन्छ । प्रकृतिसत्यको उद्घाटन गरिएका कलासाहित्य स्वाभाविक रूपमा लोककल्याणकारी हुन्छन् । लोक कल्याणकारी गुण नै कलासाहित्यको शिव हो । यसरी पदार्थको सत्य व्यक्त भएका र कल्याण वा उपयोगिता (वर्ग समाजमा निम्नवर्गको हितका पक्षपोषक) मा केन्द्रित साहित्य सुन्दर हुन्छन् । समालोचनामा साहित्यिक रचनामा निहित सत्य, शिव र सुन्दरको खोजी र विश्लेषण र मूल्याङ्कन गरिन्छ । यस सम्बन्धमा चैतन्य (२०६४) ले ठिकै लेखेका छन् :

> केवल सत्यम्, शिवम् र सुन्दरम्को अमूर्त सामान्य सूत्र मात्र पकडेर हुँदैन । वर्तमान परिप्रेक्ष्यमा जनवाद, राष्ट्रिय स्वाधीनता तथा वैज्ञानिक चिन्तन, यिनमा आधारित भावधारा र देश, जनता तथा क्रान्तिका निम्ति गरिने तमाम उत्कृष्ट एवम् उदात्त गतिविविधहरू नै हाम्रा जीवनमूल्य हुन् । वर्गसङ्घर्षको मैदानमा भिडेका जनताका असङ्ख्य आवेगमय संवेदना, चिन्तन, इच्छा आकाङ्क्षा, सपना र लक्ष्योन्मुख क्रियाकलापहरू यिनै जीवनमूल्यसँग आबद्ध भएका हुन्छन् । यी मूल्यहरू क्रान्ति र मुक्तिको महान् आदर्शसँग आबद्ध वर्गीय मूल्य हुन् । यी कलाकृतिमा केवल संज्ञानात्मक, वैचारिक, भावनात्मक मात्र होइन, यी सबैको संश्लेषणसहित
> सौन्दर्य मूल्यसमेत बनेर मूर्त हुन पुग्दछन् । वर्तमान सामाजिक जीवनमा सत्य-असत्य, शिव-अशिव, सुन्दर-कुरूपबिच भीषण वर्गसङ्घर्ष चलिरहेको छ । वर्तमान प्रगतिवादी कलासाहित्यको विषय सामग्रीका साथै अन्तर्वस्तुको केन्द्रीय तत्व पनि ठिक यसै वर्गसङ्घर्षद्वारा निर्धारित हुने गर्दछ ।
> (पृ.७५)

सत्य, शिव र सुन्दरको अर्थ सापेक्षित हुन्छ । वर्गीय पृष्ठभूमि, सामाजिक सम्बन्ध, चेतनाको स्तर, प्राकृतिक र सांस्कृतिक संरचना आदिका आधारमा यिनलाई फरकफरक अर्थमा अर्थ्याइन्छ । कलासाहित्यलाई 'स्वान्तसुखाय' मान्नेहरूले भिन्न अर्थ लगाउन सक्छन् तर कलासाहित्यलाई सङ्घर्षको सशक्त हतियार मान्नेहरूले यिनको अर्थ लोकको हितसँग जोड्दछन् । प्रगतिवादी समालोचना पद्धतिका दृष्टिमा सङ्घर्ष नै सत्य, विजय नै शिव र मुक्ति नै सुन्दर हो । जुन रचना पदार्थको सत्यका नजिक, निम्नवर्गका बहुआयामिक हितको पक्षपोषक हुन्छ त्यो रचना सुन्दर हुन्छ र समालोचनाले त्यसको मीमांसा गर्दछ । मार्क्सवाद एउटा यस्तो सौन्दर्यशास्त्र हो जसले कलासाहित्यमा निहित सत्य, शिव र सुन्दरको खोजी गर्दछ र त्यसैका आधारमा कृतिको मूल्यनिर्णय गर्दछ । ताराकान्त पाण्डेय (२०६८) ले मार्क्सवादी सौन्दर्यशास्त्रका दृष्टिमा सुन्दरको अर्थ यसरी उल्लेख गरेका छन् :

> मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिमा सुन्दरका दुईवटा आधारभूत मापकहरू वा अभिलक्षणहरू हुन्छन् : पहिलो, भावक अथवा ग्रहण कर्ताका (यथा.) लागि कुनै वस्तुको उपयोगिता र दोस्रो वस्तुको निर्माणमा निहित कालिगढी वा सम्यक् आङ्गिक विन्यासको प्रक्रिया । कला साहित्य भनेको जीवन जगत्को वा यथार्थको प्रारूपीकृत प्रतिबिम्बन हो, त्यसैले कला साहित्यमा सुन्दरको मापन वा अभिलक्षण पनि त्यसको उपयोगिताको गुण वा सामर्थ्य र प्रतिबिम्बनको प्रक्रियामा त्यसले प्राप्त गरेको विशिष्ट आङ्गिक विन्यास नै हुन्छ । (पृ.२८)

सरल भाषामा भन्दा कलासाहित्य जीवनजगत्को यथार्थ प्रतिबिम्बन, सत्य र आङ्गिक विन्यासको समन्वयात्मक प्रस्तुति एवं आनन्दका माध्यमबाट लोककल्याण गर्ने भौतिक संरचना हो । त्यसैले सत्य र शिव अन्तर्वस्तु हो भने यी दुवैको संश्लेषणबाट निर्मित कृतिसमुच्चा सुन्दर हो । शिवबाट सत्यलाई झिकिदिने हो भने शिवत्व रहँदैन । रूपलाई नै कला मान्नेहरूले कला साहित्यलाई जीवन निरपेक्ष

ढङ्गले हेरेका हुन्छन् । कला साहित्यलाई जीवन निरपेक्ष ढङ्गले हेर्ने चेनताबाट गरिएको समालोचनामा सत्य, शिव र सुन्दरको निरपेक्षता नै झल्किएको हुन्छ ।

समालोचनामा अन्तर्वस्तु र रूपको सम्बन्धका बारेमा चैतन्यको विश्लेषण निकै गहन छ । उनले लेखेका छन्– "... अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक एकतालाई राम्रोसँग बुझ्न जरुरी छ । अन्तर्वस्तुको निर्माण विषयसामग्री, विचार र मूल्यजस्ता उपकरणहरूको संश्लेषणबाट हुन्छ" (पृ.७३) । यसर्थ समालो चनाको अन्तर्वस्तु विश्लेषण गर्दा समालोचनामा प्रस्तुत विषयविवरण, विचारधारा र मूल्यनिर्णयजस्ता तत्वलाई मुख्य र अनिवार्य आधार मान्नुपर्दछ । कलासाहित्यका मूल्यको बोध अन्तर्वस्तुको विश्लेषणबाट मात्र सम्भव छ त ! चैतन्य (२०६४) अगाडि लेख्छन्– "रचनामा विषयवस्तुको महत्ताको कुरा गर्दा रूपपक्षमाथि पनि आवश्यक ध्यान दिनैपर्दछ" (पृ.७८) । प्रगतिवादले शैलीको विविधता र नवीनताको माग गर्दछ । नवीनताको अपेक्षा त्यतिबेला मात्र पूरा हुन्छ जतिबेला योजनाबद्ध रूपले साहित्य लेखिन्छ, विधासिद्धान्तअनुकूल विधिलाई अनुसरण गरेर लेखिन्छ र प्रस्तुतिलाई प्रभावकारी, नवीन एवं आह्लादक बनाइन्छ । समालोचनाको रूपयोजना साहित्यको जस्तो हुँदैन तर साहित्यरचनामा भएका अभिव्यक्तिगत तारतम्य र तौरतरिका, भाषिक र शैलीगत कलाको खोजी भने पक्कै हुन्छ । समालोचनामा यी दुवै पक्षको खोजी र संयोजन हुनु आवश्यक पर्दछ । यस कुरालाई संश्लेषण र पुनर्निर्माण गरी अन्तर्वस्तुयो जनाका विषयविवरण, विचारधारा र मूल्यनिर्णय तथा रूपयोजनाअन्तर्गत प्रक्रियाबद्धता र प्रस्तुतीकरण गरी पाँचओटा मापदण्ड निर्माण गरी तिनैका आधारमा भट्टकोव्यावहारिक समालोचना कृतिको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । यी मापदण्डको परिचय विश्लेषणका क्रममा प्रस्तुत गरिएको छ ।

## नतिजा र छलफल

व्यावहारिक समालोचना समालोचक आनन्ददेव भट्टका समग्र कृतिसङ्ख्याका दृष्टिले बाइसौं र समालोचनात्मक कृतिक्रम र सङ्ख्याका दृष्टिले पाँचौं समालोचनाकृति हो । यसपूर्व उनका समीक्षात्मक स्तरका चारओटा कृतिहरू समालोचनाको बाटोतिर (२०१९), हाम्रा प्रतिभाहरू (२०१९), प्रतिभा पहिचान (२०४७), जनताको साहित्य (२०४८) प्रकाशन भइसकेका छन् । यस सङ्ग्रहमा वि.सं. २०२१ देखि २०४७ सम्मका समालोचनाहरू सङ्कलित छन् र तिनले समालोचक भट्टको समालोचनायात्रामा वि.सं. २०४८ पूर्वको समालोचनाकारिताको प्रतिनिधित्व गरेका छन् । यस कृतिका समालोचनाको सूची यसप्रकार छन् :

| क्र.सं. | समालोचनाको शीर्षक | प्रकाशन स्रोत | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | प्रगतिवादी साहित्य : हाम्रो आवश्यकता | प्रकाश | २०२१ |
| २. | कवि सिद्धिचरण श्रेष्ठज्यूमा क्रान्तिकारिता | रूपरेखा | २०२१ |
| ३. | तीन घुम्तीमा श्री विश्वेश्वरप्रसाद कोइराला | नौलो नेपाली | २०२८ |
| ४. | राल्फाका सम्बन्धमा केही कुरा | प्रभात | २०२९ |

| | | | |
|---|---|---|---|
| ५. | नेपाली कविता साहित्यमा दर्शनको प्रवाह | सिंहनाद | २०३० |
| ६. | कवि रिमाल : प्रगतिवादीको रूपमा | रिमाल एक व्यक्तित्व अनेक | २०३२ |
| ७. | सडक र प्रतिभा : छोटो समीक्षा | रूपरेखा | २०३३ |
| ८. | कवि श्री हरिभक्त कटुवाल : एक चर्चा | अभिव्यक्ति | २०३७ |
| ९. | "सगरमाथा नाङ्गै देखिन्छ" र कवि विक्रम सुब्बा | रचना | २०४२ |
| १०. | धर्तीको गीत र दिनेश अधिकारी | उत्साह | २०४३ |
| ११. | श्री पारिजातको साहित्य साधना | उत्साह | २०४३ |
| १२. | आलोचनाको उदय र अस्त (विषयसूची र मूलपाठमा फरक शीर्षक, विषयसूचीमा 'आलोचना' शब्द र मूलपाठमा ' आलोचक' शब्द) | उत्साह | २०४४ |
| १३. | "अन्तरआत्माको चित्कार" मा कथाकार खगेन्द्र संग्रौला | शृङ्खला | २०४५ |
| १४. | "नलेखिएको इतिहास" : एक चर्चा | गरिमा | २०४६ |
| १५. | "प्रतिनिधि नेपाली कथाहरू" : एक अभिव्यक्ति | जुही | २०४७ |
| १६. | कविता कस्तो हुनुपर्छ ? | नव कविता | २०४७ |

नेपाली प्रगतिवादी फाँटका एकजना सशक्त समालोचक मानिएका भट्टको एउटा प्रतिनिधि समालोचनाकृतिमा सङ्कलित समालोचनाहरूको शीर्षक सामान्य देखिनुले त्यतिबेलाको प्रगतिवादी नेपाली समालोचना परम्परागत सोच र पद्धतिबाट मुक्त थिएन भन्ने देखाउँछ । कुनै कवि/लेखकका अघिपछि 'श्री' वा 'ज्यू' लगाउनु र कुनैका अघिपछि केही पनि नराख्नुले समालोचनात्मक निष्ठामा व्यवधान खडा गरेको देखिन्छ । प्रायःजसो समालोचनाको शीर्षक समस्यामूलक देखिँदैन । शीर्षकविधानका दृष्टिले यस कृतिमा समस्यापूर्ण शीर्षक नभएका समालोचनाको सङ्ख्या अधिक देखिन्छ ।

## व्यावहारिक समालोचना कृतिको अन्तर्वस्तुयोजना

समालोचकको समालोचनाकारिताका आन्तरिक गुणवत्ता निर्धारण गर्ने आधार यसको अन्तर्वस्तु विश्लेषणबाट प्राप्त हुन्छन् । साहित्येतिहास विश्लेषण गर्दा घटनावृत्त, विचारधारा, कालविभाजन, जीवनी, मूल्यनिर्णय, प्रकल्पना, कार्यकारण सम्बन्ध र इतिहासचेतना गरी आठओटा तत्वहरू आवश्यक हुने अवधारणा बालाकृष्ण अधिकारी (२०७७) ले प्रस्तुत गरेका छन् । साहित्येतिहास र समालोचना सङ्ग्रह उस्तै प्रकृतिका रचना होइनन् तापनि कालविभाजन र कार्यकारण सम्बन्ध बाहेकका तत्वहरू दुवै विधामा समान रहेका हुन्छन् । यहाँ वस्तुविवरण, विचारधारा र मूल्यनिर्णय गरी तीनओटा मापदण्डका आधारमा विश्लेष्य कृतिका अन्तर्वस्तुको विश्लेषण गरिएको छ ।

## वस्तु विवरण

कुनै पनि सङ्ग्रहमा रहेका समालोचनाको क्रमबद्ध विषयवस्तुको विवरण नै वस्तु विवरण हो । यसलाई साहित्येतिहासको घटनावृत्तजस्तै मान्न सकिन्छ । समालोचनामा प्रस्तुत तथ्य र विश्लेषणको शृङ्खलाबद्ध प्रस्तुति नै वस्तुविवरण हो । वस्तु विवरणमा तथ्य र समालोचकका बिच सुविचारित

अन्तर्क्रिया गरिएको हुन्छ । आख्यानमा कथानकको जस्तै महत्व समालोचनामा वस्तुविवरणको हुन्छ । यो द्वैआयामिक हुन्छ– (क) समग्र समालोचना सङ्ग्रह प्रस्तुत र (ख) कुनै एउटा समालोचनामा प्रस्तुत । व्यावहारिक समालोचना समालोचना सङ्ग्रहमा स्रष्टापरक, कृतिपरक, प्रवृत्तिपरक, विधा लक्षणशास्त्रीय र साहित्यिक आन्दोलनकेन्द्री विषयसम्बद्ध समालोचनाहरू सङ्कलित छन् । यी विषयवस्तुले समालोचनाका मोटामोटी विषयक्षेत्रलाई समेट्न र प्रतिनिधित्व गर्न खोजेको देखिन्छ । प्रस्तुत कृतिका १६ ओटै समालोचनाको विषयगत कोटिका आधारमा गरिएको वर्गीकृत सूची यस्तो छ :

| क्र.सं. | विषयगत कोटि | समालोचनाक्रम | समालोचनाहरू |
|---|---|---|---|
| १. | कृतिपरक | तेस्रो | तीन घुम्तीमा श्री विश्वेश्वरप्रसाद कोइराला |
| | | सातौँ | सडक र प्रतिभा : छोटो समीक्षा |
| | | नवौँ | "सगरमाथा नाङ्गै देखिन्छ" र कवि विक्रम सुब्बा |
| | | दसौँ | धर्तीको गीत र दिनेश अधिकारी |
| | | तेह्रौँ | "अन्तरआत्माको चित्कार" मा कथाकार खगेन्द्र सङ्ग्रौला |
| | | चौधौँ | "नलेखिएको इतिहास" एक चर्चा |
| | | पन्ध्रौँ | "प्रतिनिधि नेपाली कथाहरू" एक अभिव्यक्ति |
| २. | स्रष्टापरक | दोस्रो | कवि सिद्धिचरण श्रेष्ठज्यूमा क्रान्तिचेतना |
| | | छैटौँ | कवि रिमाल : प्रगतिवादीको रूपमा |
| | | आठौँ | कवि श्री हरिभक्त कटुवाल : एक चर्चा |
| | | एघारौँ | श्री पारिजातको साहित्य साधना |
| ३. | प्रवृत्तिपरक | पहिलो | प्रगतिवादी साहित्य : हाम्रो आवश्यकता |
| | | पाँचौँ | नेपाली कविता साहित्यमा दर्शनको प्रवाह |
| ४. | विधा लक्षणशास्त्रीय | बाह्रौँ | आलोचनाको उदय र अस्त |
| | | सोह्रौँ | कविता कस्तो हुनुपर्छ ? |
| ५. | साहित्यिक आन्दोलनकेन्द्री | चौथो | राल्फाका सम्बन्धमा केही कुरा |

प्रस्तुत सङ्ग्रहमा कृतिपरक समालोचना धेरै छन् । यस्ता समालोचनाले स्रष्टाका कृतिको समीक्षा गरी तिनलाई चिनाउने प्रयत्न गरेको देखिन्छ । यी समालोचनामा तीन घुम्ती, सडक र प्रतिभा,सगर माथा नाङ्गै देखिन्छ, धर्तीको गीत, 'अन्तरआत्माको चित्कार' र प्रतिनिधि नेपाली कथाहरू गरी छओटा रचनाको विमर्श गरिएको छ । यीमध्ये विधागत दृष्टिले दुईओटा कविता सङ्ग्रह, एउटा उपन्यास, दुईओटा कथासङ्ग्रह र एउटा फुटकर कथा हुन् । विधागत प्रधानताका दृष्टिले यस सङ्ग्रहका कृतिपरक समालोचनाहरूमा आख्यान विधाको प्रधानता देखिन्छ ।

प्रस्तुत कृतिमा सङ्ख्यात्मक दृष्टिले दोस्रो धेरै स्रष्टापरक समालोचना छन् । समालोचक भट्टले यस सङ्ग्रहमा स्रष्टाको विमर्श गर्ने दुई ढाँचा अवलम्बन गरेको देखिन्छ– (१) स्रष्टालाई नै केन्द्र बनाएर तिनको विमर्श र (२) कृतिलाई केन्द्र बनाएर स्रष्टाका प्रवृत्तिको निरूपण । दोस्रो ढाँचालाई कृतिपरक समालोचनाको कोटिमा राखिए पनि यस कृतिमा नेपाली साहित्यको ऐतिहासिक क्रमिकतामा क्रमशः सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, विश्वेश्वरप्रसाद कोइराला, पारिजात, हरिभक्त कटुवाल, दिनेश अधिकारी, विक्रम सुब्बा र खगेन्द्र सङ्ग्रौला गरी आठजना स्रष्टाको विमर्श गरिएका भए पनि सिद्धिचरण

श्रेष्ठ, गोपालप्रसाद रिमाल, पारिजात र हरिभक्त कटुवालमा केन्द्रित समालोचना स्रष्टापरक छन् । भट्टले प्रायः गतिशील साहित्य लेख्ने स्रष्टालाई सबैभन्दा बढी महत्व दिएको देखिन्छ ।

विषयक्रमका दृष्टिले शृङ्खलित नदेखिए पनि त्यसले नेपाली साहित्यको ऐतिहासिक कालक्रमिकता एवं प्रकाशनको कालक्रमिकतालाई पक्रिन खोजेको देखिन्छ । पहिलो समालोचना प्रगतिवादी धाराकेन्द्री छ । यस समालोचनाले यस सङ्ग्रहको वैचारिक-दार्शनिक आधारभूमिको प्रतिनिधित्व गरेको देखिन्छ । कालक्रमिकतासँग यसको प्रत्यक्ष सम्बन्ध नभए पनि प्रस्तुत सङ्ग्रहमा सङ्कलित सबै समालो चनाहरूमा प्रगतिवादी मूल्य र मान्यताको अनुसरण गरिएको छ भन्ने कुरा यसले सङ्केत गरेको छ । यसमा कलासाहित्यमा प्रगतिवादको तात्पर्य, प्रगतिवादका अनेक आयाम, प्रगतिवादी कलासाहित्य सिर्जना र समालोचनाका प्रकार्यबारे मौलिक विमर्श गरिएको छ । जार्गनहरूको एकदमै कम प्रयोग गरेर निबन्धात्मक भाषामा लेखिएको यो समालोचना प्रस्तुत कृतिका विषयसन्दर्भको अगुवा रहेको देखिन्छ ।

विश्लेष्य कृतिमा नेपाली साहित्यको कालक्रमिक विकासयात्रालाई प्रतिनिधिमूलक ढङ्गले संयोजन गर्ने प्रयत्न गरिएको छ । प्रगतिवादी प्रवृत्तिको समीक्षा गरिसकेपछि नेपाली साहित्यको स्वच्छन्दतावादी युग (१९९१-२००७) अन्तर्गत पर्ने सिद्धिचरण श्रेष्ठका कवितामा पाइने क्रान्तिकारीपनको खोजी गरिएको छ । त्यसपछि आधुनिक नेपाली उपन्यासको दोस्रो चरण– प्रयोगवादी (विसङ्गतिवादी-अस्तित्ववादी) धाराका एकजना सशक्त उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासको वैचारिक समीक्षा गरिएको छ । त्यसपछिको क्रममा रहेको समालोचनामा तीन घुम्ती प्रकाशनको दुईतीन वर्षपछि नेपाली साहित्यमा चलेको राल्फा आन्दोलनको सङ्क्षिप्त परिचय र त्यसका वैचारिक-सांस्कृतिक सीमाको सङ्क्षिप्त विमर्श गरिएको छ । नेपाली साहित्यको प्राथमिक कालदेखि देवकोटा हुँदै मोहन कोइरालासम्मका कवितामा दर्शनको प्रवाह गतिशील रहेको सन्दर्भलाई देखाउने 'नेपाली कवितामा दर्शनको प्रवाह' समालोचनामा साहित्यमा कलावादको नभएर जीवनदर्शनको गहिराइ खोज्नुपर्ने अपेक्षा अभिव्यक्त छ । नेपाली साहित्यका इतिहासको कालक्रमलाई महत्व नदिईकनै त्यसपछिको समालोचना 'कवि रिमाल प्रगतिवादीको रूपमा' मा कवि गोपालप्रसाद रिमालको प्रगतिवादी दृष्टिको रेखाङ्कन गरिएको छ । पुस्तकसमीक्षाको ढाँचामा आबद्ध 'सडक र प्रतिभा- छोटो परिचय' साढे तीन पृष्ठको आयाममा आएको साधारण समालोचना हो । पारिजातको सडक र प्रतिभा कथासङ्ग्रहको वैचारिक समीक्षा र प्रभावपरक मूल्याङ्कन गर्नु नै यस समालोचनाको मूल विषयवस्तु हो । सङ्ग्रहका केही विस्तृत समालोचनामध्ये 'कवि हरिभक्त कटुवाल : एक चर्चा' एउटा हो । हरिभक्त कटुवालको सङ्क्षिप्त परिचय, जीवनसङ्घर्ष, साहित्ययात्रा र साहित्यकारिता, कटुवालका बारेमा नेपाली साहित्यवृत्तमा बहसमा आएका केही सतही टिप्पणी (ऱ्युमर) हरूमाथिको प्रतिटिप्पणी र उनको जीवनयापनसँग साहित्यसिर्जनाको अन्तःसम्बन्धमाथि प्रकाश पार्नु नै यस समालोचनाको मुख्य विषयवस्तु हो । ''सगरमाथा नाङ्गै देखिन्छ' र कवि विक्रम सुब्बा' सगरमाथा नाङ्गै देखिन्छ कवितासङ्ग्रहको विमर्शबाट कवि विक्रम सुब्बालाई चिनाउन खोज्ने समालोचना हो ।

'धर्तीको गीत र दिनेश अधिकारी' र 'श्री पारिजातको साहित्य साधना' पनि स्रष्टासम्बद्ध वर्णनमा केन्द्रित समालोचना हुन् । आयामका दृष्टिले अघिल्लोभन्दा पछिल्लो केही विस्तृत भए पनि अवलम्बन गरिएका विषयको प्रकृति र त्यसको प्रस्तुतीकरणका दृष्टिले तात्विक रूपमा भिन्न देखिँदैन । बरु 'आलो चनाको उदय र अस्त' समालोचना विषयको व्यापकता र प्रस्तुतिको प्रभावकारिताका दृष्टिले केही विस्तृत र शोधात्मक देखिन्छ । यसमा समालोचनाका वैशिष्ट्य, प्रवृत्ति, आयाम र नेपाली प्रगतिवादी आलोचनाको आरम्भ, विकास र स्खलनका प्रसङ्गलाई विस्तृत चिन्तनधारमा प्रस्तुत गरिएको छ । ''अन्तरआत्माको चित्कार' मा कथाकार खगेन्द्र सङ्ग्रौला' पनि कृतिका आधारमा स्रष्टाको परिचय दिने र स्रष्टाका वैचारिक प्रवृत्तिको विहङ्गावलोकन गर्ने कृतिपरक/स्रष्टापरक समालोचना हो । ''नलेखिएको इतिहास' : एक चर्चा' र ''प्रतिनिधि नेपाली कथाहरू' : एक अभिव्यक्ति' पनि पूर्ववर्ती कृतिपरक विषयवस्तुमा आधारित समालोचना हुन् । यस सङ्ग्रहको अन्तिम समालोचना 'कविता कस्तो हुनुपर्छ ?' मा कविता सिर्जनाका सम्बन्धमा कलाको खोजी महत्वपूर्ण हुने वा जीवनको खोजी महत्वपूर्ण हुने भन्ने प्रश्नमा केन्द्रित खुला बहस गरिएको गरिएको छ । पाठकलाई बढी आनन्द प्रदान गर्नसक्ने, तिनका जीवनसमस्यामा एकाकार हुनसक्ने कविता नै वास्तविक कविता हुने जिकिर यसमा गरिएको छ । यसरीव्यावहारिक समालोचना कृतिमा सङ्कलित सोह्रओटा समालोचनाको विषय विविधतापूर्ण रहे पनि ती सबैका केन्द्रमा सत्यम्, शिवम् र सुन्दरम्को खोजी नै रहेको देखिन्छ ।

विषयका दृष्टिले कविता, आख्यान, समालोचना, साहित्यिक आन्दोलन, साहित्यको लक्षणशास्त्रसँग सम्बद्ध समालोचनाहरूलाई सैद्धान्तिक र व्यावहारिक गरी दुई आयाममा हेर्न सकिन्छ । गङ्गाप्रसाद उप्रेती (२०४८) ले यस सङ्ग्रहका समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई प्रकारमा विभाजन गर्दै लेखेका छन्– "वस्तुतः समालोचक आनन्ददेव भट्टज्यूले छुटपुट रूपमा माथि उल्लिखित पहिलो प्रकारका सैद्धान्तिक समालोचनाको रचना गर्नु भए पनि मुख्य गरी स्रष्टा र सृजनापरक व्यावहारिक समालोचना नै उहाँका निर्णायक समालोचना हुन्" (पृ.ख) । उप्रेतीको मतअनुसार यस सङ्ग्रहमा सैद्धान्तिकभन्दा व्यावहारिक समालोचनाको बाहुल्य भए पनि त्यसको मूल्य र मानकका स्तरमा दरिन सकेका छैनन् । उदाहरणका लागि सङ्ग्रहको दोस्रो क्रममा रहेको 'कवि सिद्धिचरण श्रेष्ठज्यूमा क्रान्तिकारिता' शीर्षकको समालोचनालाई लिन सकिन्छ । सैद्धान्तिक परिसूचकका आधारमा कुनै पनि स्रष्टाका कृति र प्रवृत्तिको निरूपण गरिनुपर्ने भए पनि यो समालोचना व्यावहारिकभन्दा बढी खुला लेखनजस्तो छ । प्रगतिवादी विचारका केन्द्रबाट लेखिए पनि शीर्षकले लक्षित गरेको विषयक्षेत्र पहिचान हुन नसक्नु, त्यसअनुसार समालोचनालाई क्रमबद्ध रूपमा अगाडि बढाउन नसक्नु र विषयक्षेत्रको साङ्गोपाङ्ग निरूपण हुन नसक्नु यस कृतिमा सङ्कलित समालोचनाका सीमा हुन् ।

**विचारधारा**

विचारधारा समालोचनाकार्यको सबैभन्दा महत्वपूर्ण पक्ष हो । संसारमा विकास भएका विभिन्न ज्ञानविज्ञान, चिन्तनपद्धति, वाद, प्रणाली, दर्शन आदि विचारधाराका आधारस्रोत हुन् । यी आधारस्रोतबाट स्रष्टाले केकसरी आफ्नो विचारपद्धतिको निर्माण गरेको छ र त्यो वैयक्तिक छ वा वर्गीय छ भन्ने कुराको परख समालोचकले गर्दछ । यसैलाई समालोचनाको विचारधारा भनिन्छ । विचारधारा व्यावहारिक समालोचनाको सैद्धान्तिक तथा अवधारणात्मक आधार पनि हो । "साहित्यमा व्यक्त विचारको वास्तविक बोध र मूल्याङ्कनका लागि विचारधाराको आवश्यकता पर्ने गर्दछ" (अधिकारी, २०७७, पृ.५३) । वर्गसमाजमा सामाजिक चेतनाका विभिन्न वर्गका सामूहिक धारणाका रूपमा कृतिमा निहित विचार धाराको बोध र तिनका सौन्दर्यको सन्तुलित व्याख्या समालोचनामा गरिएको हुन्छ । सैद्धान्तिक समालो चनामा विचारधारात्मक आयामको विमर्श हुन्छ तर व्यावहारिक समालोचनामा कृतिमा विचाराधारात्मक पक्षको प्रयोग केकसरी भएको छ, कस्तो विचारधाराको पक्षपोषण भएको छ, अवलम्बन गरिएको विचार धारा सामूहिक चेतनाबाट प्रेरित छ वा वैयक्तिक चेतनाबाट प्रभावित छ, विचारधाराको वर्गीय पक्षधर ता र त्यसमा निहित सत्यम्, शिवम्, सुन्दरम्‌को व्यापकताको विमर्श गरिएको हुन्छ । आनन्ददेव भट्टका समालोचनाको मूल विधारधारा मार्क्सवादी सौन्दर्यशास्त्रमा आधारित छ भन्ने कुरा उनका समालोचनाको विषयचयन, स्रष्टाचयन, कृतिचयन र तिनको विमर्शका लागि लिइएको सैद्धान्तिक तथा अवधारणात्मक आधारबाट थाहा पाउन सकिन्छ । विश्लेष्य समालोचनासङ्ग्रहमा विचारधाराको सैद्धान्तिक र प्रायोगिक दुवै विमर्श गरिएको छ तर प्रायोगिक विमर्श अपेक्षाकृत कमजोर देखिन्छ ।

प्रस्तुत कृतिको पहिलो समालोचना 'प्रगतिवादी साहित्य : हाम्रो आवश्यकता' मा मार्क्सवादी सौन्दर्यशास्त्रको व्याख्या तथा साहित्यरचना र समालोचनामा त्यसका आवश्यकताप्रतिको विमर्श र आस्थाभाव पाइन्छ । यस समालोचनामा उनले लेखेका छन्– "त्यसैले प्रगतिवाद प्रगतिशील विचार, प्रगतिगामी साहित्य भन्नासाथै हाम्रो मनमा स्पष्ट हुन्छ– हामी त्यसलाई देश, काल, परिस्थितिको सन्दर्भमा राखेर मात्र भनिरहेका छौँ । कुनै एक आदर्श पुरुषको गुन गाउनासाथ प्रगतिवाद हुन्न" (भट्ट, २०४८, पृ.१) । प्रगतिवाद अन्धोभक्ति र देवत्वकरण होइन, प्रगतिवाद अतार्किक निन्दा र दानवीकरण होइन बरु यो वर्गीय चेतनाद्वारा संस्कारित विचारधाराको अभिव्यक्ति हो जसले आम सर्वहारा वर्गका विचारको प्रतिनिधित्व गर्न सक्नुपर्दछ । भट्टका अनुसार प्रगतिवाद वर्गहीन समाज खडा नहुन्जेल चलिर हने एउटा सङ्घर्षप्रक्रिया हो, विचारप्रक्रियाको एउटा अविराम धारा हो, समाज र व्यवस्थाको उच्च चिन्तनशील लहर हो जहाँ भौतिक सुखको जरियाबाट मानसिक सुखको मुहान भेटिन्छ (२०४८, पृ.३)। समालोचक आनन्ददेव भट्टले यस समालोचनालाई जुन समयमा मूर्तरूप दिए त्यस समयमा नेपाली साहित्यको विचारधारात्मक प्रभावका बारेमा विश्लेषण गर्दै उनले थप लेखेका छन्– "आज नेपाली साहित्यमा प्रगतिवादी धारा नै लेखक र जनताका बिच दिन प्रतिदिन लोकप्रिय हुँदैछ– सो कुरा हालै 'नेपाली साहित्य संस्थान' ले गरेको साहित्यिक गोष्ठीबाट पनि स्पष्ट भएको छ" (भट्ट, २०४८,

पृ.९) । यस भनाइबाट भट्टले वि.सं. २०२० मा नेपाली साहित्य संस्थानले आयोजना गरेको देशव्यापी साहित्य सेमिनारको सन्दर्भ र त्यस सेमिनारमा प्रगतिवादी अभियानप्रति नेपाली सर्जक/समालोचकहरूले देखाएको आकर्षणलाई सङ्केत गरेका हुन् भन्ने अनुमान लगाउन सकिन्छ । भट्टले प्रगतिवादलाई जीवनमूलक साहित्यिक आन्दोलनका रूपमा विश्लेषण गर्दै कुरूपको परिहार र सुन्दरको पक्षधरता तथा स्वतन्त्रताको रक्षा गर्ने एउटा महत्वपूर्ण अभियान मानेका छन् । नेपाली साहित्यको इतिहासमा प्रगतिवादी अभियानले आफ्नो सशक्त भूमिका निर्वाह गर्दै समाजमा विद्यमान असमानताको पर्दा हटाएर समानताको कमल फुलाउन चाहेको निचोड उनको देखिन्छ । यसरी प्रगतिवादी विचारधाराको व्याख्या-विश्लेषण र साहित्यमा त्यसका अपरिहार्यताको ठहर गर्ने भट्टको समालोचकीय चेतना मार्क्सवादी विचारधाराबाटै प्रभावित भएको ठहर गर्न सकिन्छ ।

'कवि सिद्धिचरण श्रेष्ठज्यूमा क्रान्तिकारिता', 'राल्फाका सम्बन्धमा केही कुरा', 'नेपाली कवितामा दर्शनको प्रवाह', 'कवि रिमाल : प्रगतिवादीको रूपमा', 'श्री पारिजातको साहित्य साधना', 'आलोचनाको उदय र अस्त' लगायत त्यसपछिका प्रायः सबैजसो समालोचनाको विचारधारात्मक आधारभूमि मार्क्सवादी दर्शन नै रहेको देखिन्छ । तीन घुम्ती उपन्यासका लेखक विश्वेश्वरप्रसाद कोइरालाको चेतना र विद्रोहको विमर्श गर्दा होस् वा सडक र प्रतिभा कृतिको विश्लेषण गर्दा होस् अथवा कवि हरि भक्त कटुवालको चर्चा गर्दा होस्, उनको मार्क्सवादी विचारधारात्मक अन्तर्दृष्टि सशक्त रूपमा अभिव्यक्त भएकै देखिन्छ । आनन्ददेव भट्टको समालोचनात्मक विचारधाराका बारेमा विमर्श गर्दै गङ्गाप्रसाद उप्रेती (२०४८) ले विश्लेष्य कृतिको 'भूमिका' मा यस्तो लेखेका छन्– "मार्क्सवादी जीवनदर्शनभित्र पनि व्यक्तिको नैसर्गिक स्वतन्त्रताको राम्ररी प्रत्याभूति हुनुपर्दछ र यस्तो प्रत्याभूतिको व्यवस्था मिलाउन सकिन्छ भन्ने आग्रह भट्टजीमा रहेको छ" (पृ.घ) । उप्रेतीको तर्कले भट्टमा मार्क्सवादी समाजव्यवस्थाको वास्तविक चेत भएको तर्क सबल बनाउँछ । समालोचक भट्टको विचारधारात्मक सम्बद्धताका सन्दर्भमा राजेन्द्र सुवेदी (२०६८) ले लेखेका छन्– "समालोचक भट्ट प्रगतिवादी सौन्दर्य चिन्तनका पक्षमा देखिने समालोचक हुन्" (पृ.१५३) । वर्गसमाजको सबैभन्दा ठुलो उपलब्धि नै वैयक्तिक सन्तुष्टि हो । अध्यात्मवादले पनि वैयक्तिक सन्तुष्टिको कुरा गर्छ तर त्यसले वर्गसमाज र त्यसबाट प्राप्त सन्तुष्टिका उच्चताको बोध गर्न सकेको देखिँदैन । सामन्तवादले पनि वैयक्तिक सन्तुष्टिको कुरा गर्दछ तर त्यसले समाजका आम मान्छे सन्तुष्ट हुँदा त्यसको सामूहिक तरङ्गबाट प्राप्त हुने सन्तुष्टिको बोध नै गर्न पाउँदैन । पुँजीवादले पनि वैयक्तिक सन्तुष्टिको कुरा गर्दछ तर यसले करोडौं गरिबका असन्तुष्ट ऊर्जाले आफ्नो सन्तुष्टिलाई घटाइरहेको छ भन्ने कुराको भेउ पाउँदैन । दार्शनिक रूपमा सामूहिक चेतनाको सकारात्मक ऊर्जाबाट प्राप्त वैयक्तिक सन्तुष्टिको उच्चतम ज्ञान र 'न्यायपूर्ण वितरण प्रणाली' का माध्यमबाट वैयक्तिक सन्तुष्टिको उच्चतम अभ्यास गर्ने भएकाले प्रगतिवाद वैयक्तिक स्वतन्त्रताको सबैभन्दा विशिष्ट विचारधारा हो । यस दृष्टिले हेर्दा आनन्ददेव भट्टले यस सङ्ग्रहका समालोचनामा प्रगतिवादी विचारधारा अँगालेको देखिन्छ । आनन्ददेव भट्ट मार्क्सवादी विचार धाराका आधारमा स्रष्टा, कृति, प्रवृत्ति, विधाशास्त्र र इतिहासका साहित्यिक आन्दोलनलाई अन्वीक्षण

गर्ने समालोचक हुन् । मार्क्सवादी विचारधारा अँगाले पनि तदनुकूलको विश्लेषण पद्धतिलाई अवलम्बन गर्न नसक्नु, प्रस्तुतिमा सङ्गठनात्मक चेतनाको अभाव हुनु भट्टको समालोचनाकारिताका सीमा हुन् ।

**मूल्यनिर्णय**

मूल्यनिर्णय समालोचनाको अन्तर्वस्तुसँग सम्बद्ध पक्ष हो । यसलाई समालोचनाको आधारभूत तत्व मानिन्छ । समालोचनामा सम्बद्ध स्रष्टा, कृति, प्रवृत्ति र तिनका ऐतिहासिकता एवं गुणात्मकताको मूल्याङ्कन अनिवार्य हुन्छ । मूल्यनिर्णयका विधेयवादी वा आदर्शवादी, प्रभावपरक, वस्तुपरक आदि अनेक विचारधारात्मक प्रारूप छन् । समालोचनामा सम्बद्ध पक्षको वस्तुपरक मूल्यनिर्णयको अपेक्षा गरिन्छ । प्रगतिवादले विशेषतः वस्तुपरक मूल्यनिर्णयमा जोड दिन्छ । यस सम्बन्धमा चैतन्य (२०६४) लेख्छन् :

समालोचकले आफ्नो सही भूमिकाको निर्वाह गर्नका लागि एकातिर आफू वस्तुवादी बन्न र अर्कातिर जीवनका साथै ज्ञानका विविध क्षेत्रमा गहिरो अध्ययन गर्न, कलाकृतिको मर्म बुझ्रेर चल्न एवम् वर्गसङ्घर्षमा संलग्न जनता तथा योद्धाहरूको मनोविज्ञानलाई आत्मसात् गर्न जरुरी छ । मूल्यनिर्णय गर्नु भनेको निकै गहन काम हो । त्यस निम्ति समालोचक उपदेशक बनेर काम चल्दैन । ऊ स्वयं पनि व्यावहारिक गतिविधि र वर्गसङ्घर्षमा समाहित भई अगाडि बढ्नुपर्दछ । (पृ.७९)

चैतन्यका अनुसार समालोचकले मूल्यनिर्णय गर्दा यसो भयो र भएन भनेर मात्र हुँदैन; ऊ स्वयं सम्बद्ध विचारधारा र पद्धतिका बारेमा कत्तिको व्यावहारिक छ भन्ने कुरालाई विशेष ध्यान दिनुपर्ने हुन्छ । प्रगतिवादी विचारधारा र समालोचना पद्धतिलाई नअँगालेको समालोचकले स्रष्टा, कृति र प्रवृत्तिको प्रगतिवादी मूल्यनिर्णय गर्न सक्दैन भन्ने मत चैतन्यको रहेको देखिन्छ । यस मतलाई विशेष महत्व दिँदै समालोचकले स्रष्टा, कृति र प्रवृत्तिको मूल्याङ्कन गर्दा कुन प्रारूप उपयोग गरेको छ भन्ने कुराले उसका समालोचनाको मूल्यवत्ता निर्धारण हुन्छ ।

मूल्यनिर्णयमा राजनीतिक, समाजिक, संज्ञानात्मक, विचारधारात्मक, भावनात्मक एवं सांस्कृतिक आदि बहिरङ्ग चेतना र कलासौन्दर्यसँग सम्बद्ध अन्तरङ्ग चेतनाको महत्वपूर्ण भूमिका रहन्छ । समालो चक बहिरङ्ग चेतनामध्ये कुनबाट बढी प्रभावित छ, त्यसको प्रत्यक्ष प्रभाव उसको समालोचनामा देखिन्छ । समालोचनाका लागि जुनसुकै साहित्यसिद्धान्त तथा समालोचना पद्धतिको उपयोग भए पनि समालोचनामा निहित विचारधाराले मूल्यनिर्णलाई निर्धारण गर्न सघाउ पुऱ्याएको हुन्छ । समालोचकले कृतिमा निहित अन्तर्वस्तु र रूपको प्रयोगबिचको अन्तःसंयोजनबाट निर्मित कलासौन्दर्यको वस्तुपरक परख गर्नु आवश्यक हुन्छ । सामयिक चेतना, गतिशीलता, सामूहिक सोच र जीवनपद्धतिमा कृतिको बहुउपयोगिता आदि मूल्यको पहिचान र निर्धारण गर्नसक्नु योग्य समालोचकको खुबी हो । सामाजिक अन्तःसम्बन्ध, वर्गबोध, वर्गीय पक्षधरता, कलासौन्दर्यको जीवन्तता र उपयोगिताजस्ता कुराहरू कृतिको मूल्याङ्कनका महत्वपूर्ण आधार हुन् ।

व्यावहारिक समालोचनामा भट्ट विचारधारात्मक रूपले मूल्यनिर्णयमा स्पष्ट देखिएका छन् साथै उनले तुलनात्मक मूल्यनिर्णयको उपयोग पनि गरेका छन् । 'कवि सिद्धिचरण श्रेष्ठज्यूमा क्रान्तिकारिता' शीर्षकको समालोचनामा सिद्धिचरण श्रेष्ठको मूल्यनिर्णय गर्दै भट्ट (२०४८) ले लेखेका छन् : "... आफ्नो अल्पशिक्षा तर बेसी चिन्तन, मनन र लगनबाट लेखेका उहाँका कविता अवश्य पनि तारिफ योग्य छन् । त्यसैले उति बेला श्री सूर्यविक्रम ज्ञवालीले उहाँ समेतलाई 'नेपाली साहित्याकाशका उज्याला तारा' भन्ने जो संज्ञा दिनुभो सो एकदम मनासिव लाग्दछ" (पृ.१३) । यस अंशमा एकातिर उनले सिद्धिचरण श्रेष्ठको मूल्याङ्कन गरेका छन् भने अर्कातिर त्यस मूल्याङ्कनका लागि पूर्वमतको आधार पनि लिएका छन् तथापि मूल्यनिर्णयमा वस्तुपरकताको अभाव भने देखिन्छ । यहाँ प्रस्तुत भएका 'तारिफयोग्य' र आधारसन्दर्भका रूपमा लिइएको 'उज्याला तारा' विशेषण अमूर्त छन् किनभने यिनको पुष्टिका लागि उनले सिद्धिचरणका कविताकृतिको साक्ष्यप्रमाण प्रस्तुत गरेका छैनन् । अर्कातिर यिनमा वस्तुपरकताभन्दा भावुकताको मात्रा बढी छ । प्रगतिवादी विचारधाराको अवलम्बन तर अतिभावुक पदपदावलीको प्रयोगले उनको समालोचनात्मक विचार र व्यवहारमा तालमेल नमिलेको देखाउँछ । मूल्यनिर्णयमा तुलनात्मक दृष्टिको उपयोग भने उनले गर्न खोजेकै छन् । सन्दर्भित यही समालोचनामा कवि सिद्धिचरण श्रेष्ठको विश्लेषण र मूल्याङ्कन गर्दा पूर्ववर्ती लेखनाथ पौड्याल, बालकृष्ण सम र समवर्ती लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल र परवर्ती विजय मल्ल, कृष्णचन्द्रसिंह प्रधान, श्यामदास वैष्णव आदि कविको सन्दर्भ उल्लेख गर्दै सिद्धिचरण श्रेष्ठका कवितामा क्रान्तिकारिता आउनुका कारणको खोजी गरिएको छ । यो यस सङ्ग्रहको मूल्यनिर्णयगत सबलता हो । यसो हुँदाहुँदै पनि साक्ष्य र प्रमाणले कृति, कृतिकार र प्रवृत्तिको वस्तुपरक मूल्यनिर्णय र त्यसको अङ्कनका दृष्टिले उनका समालोचनाहरू कमजोर छन् । सम्प्रति बहुआयामिक विश्लेषणबाट प्राप्त नतिजाका आधारमा स्रष्टा, कृति र प्रवृत्तिको मूल्याङ्कन गर्दा प्रक्रियागत कमजोरीका कारणले उनका समालोचना कमजोर देखिएका हुन् भन्ने बुझ्नु आवश्यक छ ।

तथ्यबाट प्रमाणित नगरे पनि समालोचक भट्ट आफ्नो मूल्याङ्कन निर्भीक रूपमा राख्नसक्ने समालोचक हुन् । राल्फा आन्दोलनका कवि र तिनको प्रतिनिधि पत्रिका विरुद्धमा प्रकाशित कविताहरूका सबल र दुर्बल पक्षको छिनोफानो गर्दै 'राल्फाका सम्बन्धमा केही कुरा' समालोचनामा उनी लेख्छन् :

यसरी यस 'विरुद्ध' पत्रिकामा प्रकाशित राल्फाहरूका सबैजसो रचनामा (१) विचारको अस्पष्टता (२) कुनै एउटा आदर्श विचारको कल्पना तर त्यसको पालना नहुनु (३) यौन जगत्लाई प्रेरणाको मूल मानी त्यसबारे अनेक अनेक वाइफाले अभिव्यक्ति दिनु (४) नेपाली शब्द, उपमा, उपमेय, नाम प्रयोग र व्यवहारको वर्णन गर्नु भन्दा ग्रीस, रोम आदिबाटै ती कुराहरू ल्याउने बौद्धिक प्रयास गर्नु (५) जसले गर्दा लेकको मौलिकता, स्वाभाविक सौन्दर्यमा बादल लाग्नु जस्ता कमजोरी पाइन्छन् । (पृ.३२)

उपर्युक्त समालोचना अंश मूल्यनिर्णयको एउटा सुन्दर नमुना मान्न सकिन्छ तर यस समालोचनाका पाठकहरूले यत्ति समालोचना पढेर भट्टको मूल्यनिर्णयलाई सदर गर्नसक्ने स्थिति छैन किनभने यी

पाँचओटा बुँदामा दिइएका मूल्यहरू (बढीजसो सीमासँग सम्बद्ध) यथार्थपरक नै भए पनि तिनलाई सदर गर्नका लागिविरुद्ध पत्रिकाको खोजी गर्नुपर्ने, तिनका कविता पढ्नुपर्ने र यी मूल्यसँग सन्दर्भित कवितालाई दाँजेर हेर्नुपर्ने झन्झट थपिन्छ । यसले पाठकलाई बढी जिज्ञासु र अनुसन्धानमुखी बनाउला तर यिनै बुँदा घोकेर राल्फाका कविहरूका बारेमा धारणा निर्माण गरियो भने त्यसले राजनीतिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक मूल्यवत्तालाई पक्रिन सक्दैन किनभने समालोचनाको अन्त्यतिर उनले राल्फाकै बारेमा लेखेको "राल्फा मण्डलीले नेपाली बहुसंख्यक जनताको सेवा गर्न उनीहरूका बाहिरी (अन्तर्राष्ट्रिय) तथा भित्री (राष्ट्रिय) जन विरोधी शक्तिका विरुद्ध उठ्ने र 'व्यक्तिवादी संस्कार' को भकुण्डो खेल्दै अघि बढ्ने निश्चय गर्नु उचित देखिन्छ" वाक्यले उपर्युक्त बुँदाहरूबाट निर्मित पाठकीय अवधारणा खण्डन हुन जान्छ अनि पाठकमा वास्तवमा राल्फा के हो त भन्ने संशय अझै बढ्न पुग्छ । समालोचनामा गरिने मूल्यनिर्णयले स्रष्टा, कृति, प्रवृत्ति, आन्दोलन आदिका बारेमा पाठकका संशयलाई सकेसम्म कम गर्न सक्नुपर्छ अन्यथा त्यस मूल्यनिर्णयले आधिकारिकता, वस्तुपरकता र वैधता प्राप्त गर्न सक्दैन । आनन्ददेव भट्टका समालोचनामा यही आधिकारिकता, वस्तुपरकता र वैधताको अभाव देखिन्छ ।

मूल्यनिर्णय गर्दा समालोचकले आफ्ना अपेक्षा स्रष्टामा लाद्न खोज्नु हुँदैन । स्रष्टाले समालोचकले के भन्छ वा के चाहन्छ भन्ने कुरा सोचेर लेख्दैन र लेख्नु पनि हुँदैन । स्रष्टाको सिर्जनामा समालोचकले देखेका अन्तरालहरू (ग्याप्स) लाई पहिचान गरी त्यसलाई यथातथ्य प्रस्तुत गर्नु आवश्यक हुन्छ । तब मात्र कृति, कृतिकार, प्रवृत्ति र तिनको समालोचकीय मूल्यनिर्णय वैध बन्दछ । यस पक्षमा भट्ट सजग देखिए पनि स्रष्टामा आफ्ना विचार वा अपेक्षा लाद्ने आंशिक प्रवृत्ति उनमा देखिन्छ । 'धर्तीको गीत र दिनेश अधिकारी' समालोचनाको अन्त्यमा कवि दिनेश अधिकारीको मूल्याङ्कन गर्दै उनी लेख्छन् :

श्री लक्ष्मीप्रसाद देवकोटाको काव्यात्मक छाती र भावनात्मक तथा कल्पनात्मक पखेटा जति विशाल थिए त्यस्तै उहाँको चिन्तनको सजगता र निरन्तरता पारदर्शक भैदिएको भए हाम्रो नेपाली साहित्य मात्र होइन त्यसका माध्यमले हाम्रो राष्ट्रकै चेतना र सङ्घर्षशीलता अहिले भन्दा धेरै गुना बढ्ने थियो भन्ने कुरामा दुई मत हुन नसक्ला । त्यस्तै कवि दिनेश अधिकारीज्यूले पनि यस क्षेत्रतिर आफ्नो ध्यान तान्नु होला भन्ने अपेक्षा गरिएको हो– हेरौं उहाँको विवेकलाई यो अनुरोध के कति सत्य तथा प्रिय लाग्छ ! (पृ.७३)

उपर्युक्त सन्दर्भमा भट्टले लक्ष्मीप्रसाद देवकोटाजत्तिकै काव्यप्रतिभा दिनेश अधिकारीमा हुनुपर्ने अपेक्षा गरेका छन् । लक्ष्मीप्रसाद देवकोटा तथा दिनेश अधिकारीको काव्यप्रतिभा र व्यक्तित्व फरकफरक हो, उस्तै वा एउटै भयो भने यी दुईमध्ये एउटाको अस्तित्व समाप्त हुन्छ भन्ने कुराको बोध भट्टलाई नभएको भन्न मिल्दैन तर मूल्यनिर्णयमा आफ्नो अपेक्षालाई अनपेक्षित रूपले स्रष्टा व्यक्तित्वमाथि लादेको देखिन्छ ।

भट्टका समालोचनामा गरिएको मूल्यनिर्णयका बारेमा विद्वान्हरूले अनेक अभिमत प्रस्तुत गरेका छन् । राजेन्द्र सुवेदी (२०६८) का अनुसार "नेपाली समालोचना जगत्मा राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्य जगत्का स्रष्टाहरूलाई समीक्षाका केन्द्रमा राखेर सहज र सटीक निर्णयमा उतार्ने समीक्षक अवश्यक हुन्" (पृ.१५३) । आनन्ददेव भट्टका समालोचनामा मूल्यनिर्णय कस्तो हुन्छ भन्ने विषयमा सुवेदी (२०६८) अगाडि लेख्छन्– "यिनमा दृष्टिकोणको निकै गहिराइ र चिन्तनको यथार्थता प्रकट भएको छ । परन्तु उनका लेखनमा साप्ताहिक पत्रिकाका स्तम्भ लेखेर पङ्क्ति भर्ने प्रकारको अपरिमार्जित, अपरिपक्व र हतारको काम पनि आफ्ना ठाउँमा छँदैछ" (पृ.१५३) । सुवेदी (२०६८) ले अर्को एक सन्दर्भमा भट्टको मूल्यनिर्णयात्मक क्षमतालाई यसरी चित्रण गरेका छन्– "... हल्का लेखनबाट गहन विषयलाई बहसमा उतार्ने आकस्मिक निर्णयबाट विषयलाई विवादास्पद बनाउने जस्ता वैशिष्ट्यले भने भट्टलाई चर्चित बनाएको छ" (पृ.१५३) । सुवेदीको यस वाक्यले भट्टको समालोचनाकारिताको मूल्याङ्कन त गरेको छ तर अप्रत्यक्ष रूपमा भट्टमाथि खिसिट्युरी पनि गरेको छ । उनको समालोचनाकारितामा रहेको मूल्यनिर्णयसम्बद्ध सीमा के हो भन्ने कुरा स्पष्ट रूपमा भन्दा पनि केही बिग्रने थिएन । सुवेदी (२०६८) प्रगतिवादी र समग्र नेपाली समालोचनापरम्परामा भट्टको मूल्याङ्कन र स्थाननिर्धारण गर्दै लेख्छन्– "प्रगतिवादी समालोचनाका फाँटमा यस पूर्वार्द्ध कालखण्डको पछिल्लो चरणमा सर्वाधिक चर्चित व्यक्तित्व रहे पनि भट्टलाई नेपाली समालोचनाले एउटा ऐतिहासिक कडीका रूपमा भन्दा बढी स्विकारिरहनु पर्ने व्यक्तित्व ठानेको छैन" (पृ.१५३) । यस सन्दर्भमा भट्टको समालोचनात्मक क्षमताको ऐतिहासिक तथा गुणात्मक मूल्याङ्कन ठिक ढङ्गले नै भएको देखिन्छ । सुवेदी (२०६८) ले यस कुराको पुष्टि त्यहाँ नगरे पनि भट्टका समालोचनासङ्ग्रहमध्ये सर्वश्रेष्ठ मानिएको व्यावहारिक समालोचना कृतिमा सङ्कलित समालोचनालाई हेर्दा सो कुरा यथार्थ सावित हुन्छ ।

भट्टको निर्णयात्मक कौशलका सन्दर्भमा सुवेदीको भन्दा गङ्गाप्रसाद उप्रेती (२०४८) को मत भट्टअनुकूल रहेको देखिन्छ । उप्रेतीले व्यावहारिक समालोचना कृतिको 'भूमिका' मा लेखेका छन्– "... यसैले समालोचक भट्टका यस संग्रहका समालोचनाहरूले पनि नेपाली समाजको भाव भूमिमा कृति र कृतिकारले गरेका प्रवृत्तिको औचित्य र मूल्य खोज्ने प्रयत्न गरेका छन्" (पृ.ग) । उप्रेती भट्टका समालोचनाले कृतिका विचारपक्ष र रूपपक्ष दुवैलाई महत्व दिएर मूल्यनिर्णय गरेको ठान्दछन् । अर्को एउटा सन्दर्भमा नेपाली समालोचनापरम्पराको प्रसङ्गमा भट्टको मूल्यनिर्णय क्षमताको पहिचान गर्दै उप्रेती (२०४८) लेख्छन्– "समालोचक रामकृष्ण शर्माले प्रतिपादन गर्नु भएको निर्णायक समालोचना पद्धतिलाई समालोचक भट्टले राम्ररी अनुशरण गर्नु भएको छ" (पृ.घ) । उप्रेतीको यो वाक्य र सुवेदीको पूर्वोक्त वाक्यमा भट्टलाई निर्भीक मूल्यनिर्णय गर्नसक्ने समालोचकका रूपमा स्थापित गर्न खोजिएको देखिन्छ तर सुवेदी (२०६८) ले भट्टको समग्र समालोचनाकारिताको मूल्याङ्कन गर्दै लेखेका निम्नलिखित बुँदाहरूले पाठकलाई भट्ट कस्ता समालोचक हुन् त भन्ने कुरामा थप संशय पैदा गराउँछ :

- मार्क्सवादी समीक्षाको आधार बनाए पनि सतही ढङ्गले निष्कर्ष दिने समालोचक,
- मार्क्सवादी चिन्तनलाई सौन्दर्यशास्त्रको पृष्ठभूमि बनाउन प्रयत्न गर्ने समालोचक,
- सारवस्तुलाई गम्भीरतापूर्वक निष्कर्षसम्म पुगेर प्रतिपादन गर्नतिर नलाग्ने समालोचक,
- चिन्तनभन्दा बढ्ता भावनाको संवेगलाई बहसको विषय बनाउने समालोचक,
- समालोचना वस्तुगत यथार्थबाट आरम्भ गर्दै रूपवादी रहस्यतिर अभिमुख बन्दै गएर टुङ्गिएका समालोचक । (पृ.१५३-१५४)

नेपाली समालोचनाको इतिहास एकातिर व्यवस्थित बनिसकेको छैन भने अर्कातिर समालोचकको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने परम्परा पनि वस्तुसङ्गत भइसकेको छैन भन्ने कुरा माथिको सन्दर्भले पुष्टि गर्दछ । सुवेदीले प्रस्तुत गरेका पाँचओटा बुँदाहरू एकले अर्काको खण्डन गर्दछन् । पहिलो बुँदाले निष्कर्ष दिने समालोचक भने पनि तेस्रो र पाँचौं बुँदाले त्यसको खण्डन गरेको देखिन्छ साथै प्रारम्भिक दुईओटा बुँदामा परेको 'मार्क्सवादी' शब्दलाई चौथो र पाँचौं बुँदाले खण्डन गरेको देखिन्छ । अर्कातिर बुँदा प्रस्तुत गर्नुपूर्व अभिव्यक्त "यिनमा दृष्टिकोणको निकै गहिराइ र चिन्तनको यथार्थता प्रकट भएको छ ।" वाक्य आफ्नै कथनबाट नराम्रोसँग खण्डन भएको देखिन्छ । राजेन्द्र सुवेदीकै मूल्याङ्कनलाई शिरोपर गरेर भट्टलाई 'सतही निष्कर्ष दिने, मार्क्सवादी सौन्दर्यशास्त्रलाई पृष्ठभूमि बनाउन प्रयत्न मात्र गर्ने, सारवस्तुको गम्भीर प्रतिपादन नगर्ने, रूपवादी रहस्यतिर अभिमुख हुने' समालोचकका रूपमा मान्ने हो भने उनलाई प्रगतिवादी समालोचक मान्नुको के औचित्य ? अर्कातिर भट्टको मूल्याङ्कन गर्दा सोही लेखन सिलसिलाको अन्तिममा सुवेदीले "नेपाली साहित्यको इतिहासमा निकै गम्भीर रूपको समीक्षाको हैसियत राख्ने भट्टको समालोचनात्मक चिन्तन महत्वपूर्ण, गहन र व्यावहारिक पनि रहेको कुरा उनका समीक्षात्मक कृतिहरूबाट सिद्ध हुन आएको छ" (२०६८, पृ.१५३-१५४) वाक्य राख्नु उपयुक्त देखिँदैन । यसरी सुवेदीले भट्टका समालोचनाकारिताको मूल्याङ्कनका सन्दर्भमा स्पष्ट किटान गर्न सकेको देखिँदैन ।

समग्रमा मूल्यनिर्णय गर्दा आफ्ना विचारधारा र सामयिक चेतनालाई प्रयोग गर्नु भट्टका समालोचनाको मूल शक्ति हो भने मूल्यनिर्णयलाई आधिकारिकता दिने विधिपद्धति, साक्ष्यप्रमाणको अभाव हुनु, मूल्यनिर्णयमा तथ्यभन्दा बढी भावुकता हाबी हुनु उनका समालोचनाका सीमा हुन् ।

**व्यावहारिक समालोचना कृतिको रूपयोजना**

समालोचक आनन्ददेव भट्टको अन्तिम समालोचनाकृतिका रूपमा रहेको व्यावहारिक समालोचना कृतिको भौतिक काया बाहिरी र भित्री गाताबाहेक ६+३+१२९ पृष्ठमा संरचित छ । यसको अर्थ आयामका दृष्टिले यो कृति नेपाली भाषामा प्रकाशित अन्य समालोचनासङ्ग्रहका सापेक्षमा सामान्य प्रकारको देखिन्छ । यस कृतिभित्र घटीमा ४ पृष्ठदेखि बढीमा १४ पृष्ठसम्मका छन् । 'सडक र प्रतिभा : छोटो समीक्षा' र 'कविता कस्तो हुनुपर्छ ?' सबैभन्दा छोटा समालोचना हुन् भने ''नलेखिएको इतिहास' : एक चर्चा' सबैभन्दा लामो समालोचना हो । बाह्य स्वरूपलाई हेर्दा १६ ओटै समालोचनामा व्यवस्थित

विधिपद्धतिको प्रयोग देखिँदैन । तथ्य र विश्लेषणको समन्वयमा पनि एकरूपता देखिँदैन । त्यस्तै समालोचनालाई अनुसन्धानपरक एवं वस्तुपरक बनाउनका लागि आवश्यक अभिलेखीकरण प्रक्रियाको व्यवस्था निर्दिष्ट ढाँचामा छैन भने प्रस्तुतिमा पनि एकरूपता देखिँदैन । प्रस्तुत सन्दर्भमा प्रक्रियाबद्धता र प्रस्तुतीकरण गरी दुई आधारमा सम्बद्ध सङ्ग्रहको विश्लेषण गरिएको छ ।

**प्रक्रियाबद्धता**

प्रक्रियाबद्धता भनेको समालोचनाको क्रमबद्ध व्यवस्था हो । समालोचनालेखन निश्चित व्यवस्थामा आधारित हुन्छ । यसले समालोचनाको विधिपद्धति निर्धारण गर्दछ । स्रष्टा, कृति र प्रवृत्तिको समालोचना गर्दा सबैभन्दा पहिले सम्बद्ध विषयकेन्द्री तथ्यहरूको सङ्कलन गर्नु आवश्यक हुन्छ । तथ्यको सङ्कलनसँगै तिनको सत्यापनको पनि उत्तिकै आवश्यकता रहन्छ । तथ्यहरूको सत्यता र आधिकारिकता निर्धारण गर्ने कार्य भनेकै सत्यापन हो । सङ्कलित तथ्यहरूलाई तिनका प्रकृति र प्रवृत्तिका आधारमा वर्गीकरण गर्नु र तिनका वर्गअनुकूल विश्लेषणका आयाम निर्धारण गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । कुनै प्रसिद्ध र वैज्ञानिक दार्शनिक-सैद्धान्तिक विचारधाराका आधारमा वर्गीकृत तथ्यको परीक्षण, पुनर्परीक्षण गरी तिनको अर्थापन गर्नु पनि समालोचनाको प्रक्रियाबद्धताभित्र पर्दछ । अर्थापन गर्दा तथ्यका बहुआयामिक सन्दर्भलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ तर समालोचनाको उद्देश्य वा प्रयोजन, आयाम तथा समालोचनाको प्रकारका आधारमा कृतिविश्लेषणको ढाँचा निर्धारण गर्ने गरिन्छ । समालोचनामा हुने यिनै विविध व्यवस्थालाई नै प्रक्रियाबद्धता भनिएको हो । यसका आधारमा नै समालोचनाका लम्बीय र क्षितिजीय, गुणात्मक र परिमाणात्मक, वर्णनात्मक, व्याख्या-विश्लेषणात्मक र तुलनात्मक, सैद्धान्तिक र व्यावहारिक आदि ढाँचा निर्माण हुन्छन् । यीमध्ये समालोचकले मूलतः लम्बीय र क्षितिजीय ढाँचागत आयामलाई निर्धारण गर्ने हो भने अन्य प्रकारहरू त्यसैभित्र समाहित हुन सक्छन् । समालोचनाका लम्बीय र क्षितिजीय ढाँचाका बिचको सम्बन्धका बारेमा विमर्श गर्दै बालाकृष्ण अधिकारी (२०७६) लेख्छन् :

> लम्बीय ढाँचाका समालोचनामा विषयगत सीमितता हुन्छ भने विश्लेषणको गहनता वा गहिराइ ज्यादा हुन्छ । क्षितिजीय ढाँचाका समालोचनामा विषयक्षेत्रको व्यापकता हुन्छ भने विश्लेषणको गहनता कम हुन्छ । लम्बीय समालोचना विश्लेषणकेन्द्री हुन्छ भने क्षितिजीय समालोचना विश्लेषणभन्दा व्यापकताकेन्द्री हुन्छ । लम्बीय समालोचना बढी प्राज्ञिक हुन्छ भने क्षितिजीय समालोचना कम प्राज्ञिक र बढी सूचनामूलक हुन्छ । (पृ.११३)

प्रक्रियाबद्धताका आधारमा समालोचनाका पूर्वोक्त दुई आयामका दृष्टिले व्यावहारिक समालोचना कृतिको अध्ययन गर्दा यस सङ्ग्रहमा यी दुवै प्रकारका समालोचना समावेश भएको देखिन्छ । यस सङ्ग्रहका स्रष्टाकेन्द्री, कृतिकेन्द्री र प्रवृत्तिकेन्द्री समालोचनाहरू विषयका दृष्टिले लम्बीय प्रकृतिका हुनुपर्ने हो तर तदनुरूप समालोचना प्रक्रिया र त्यसको व्यवस्थापन हुन सकेको देखिँदैन । शीर्षकका दृष्टिले 'नेपाली कवितामा दर्शनको प्रवाह', 'राल्फाका सम्बन्धमा केही कुरा', 'श्री पारिजातको साहित्य

साधना', 'आलोचनाको उदय र अस्त' आदि समालोचनाहरू क्षितिजीय प्रकृतिका छन् भने अन्य समालो चनाहरू लम्बीय प्रकृतिका छन् । समालोचनामा तथ्यहरूको सङ्कलन, तिनको वर्गीकरण र व्यवस्थापन, सत्यापन र अर्थापन, सामान्यीकरण र निष्कर्षको जुन प्रक्रियाबद्ध चरण हुन्छ त्यसको परिपालना यी समालोचनामा व्यवस्थित ढङ्गले हुन सकेको छैन । 'कवि हरिभक्त कटुवाल : एक चर्चा', 'श्री पारिजातको साहित्य साधना', 'आलोचनाको उदय र अस्त' जस्ता केही समालोचनाहरू कृतिका अरू समालोचनाका तुलनामा बढी व्यवस्थित छन् । अरू समालोचनाका तुलनामा यिनमा तथ्य, तिनको सत्यापन, अर्थापन र सामान्यीकरण तथा निष्कर्षणको प्रक्रिया बढी शृङ्खलित देखिन्छ । 'प्रगतिवादी साहित्य : हाम्रो आवश्यकता' शीर्षकले नै गहन समालोचनाको भन्दा अखबारी लेखको झल्को दिन्छ । कतिपय समालोचनाको शीर्षकले नै तिनलाई सामान्य लेखसरह देखाएका छन्; जस्तै : 'राल्फाका सम्बन्धमा केही कुरा', 'सडक र प्रतिभा : छोटो समीक्षा', कवि श्री हरिभक्त कटुवाल : एक चर्चा', ''नलेखिएको इतिहास' : एक चर्चा', ''प्रतिनिधि नेपाली कथाहरू' : एक अभिव्यक्ति' आदि । राजेन्द्र सुवेदी (२०६८) ले भनेझैँ नभए पनि यस सङ्ग्रहका समालोचनाहरूमा अनुसन्धानात्मकता, व्यवस्थितता र प्रक्रियाबद्धताको अभाव देखिन्छ ।

योजना र विधिको व्यवस्थितताले नै समालोचनाको अन्तर्वस्तु र रूपयोजना गम्भीर र पूर्ण बन्दछ । भट्टमा योजना र विधिमा बढी सजक भएर समालोचना गर्ने रुचि देखिँदैन । यस सम्बन्धमा गङ्गाप्रसाद उप्रेती (२०४८) लेख्छन् :

> यस संग्रहका केही रचनालाई हेर्दा भट्टजीको समालोचकमा लेखनको पूर्व योजना नबनाई रचना सृजना गर्ने प्रवृत्त रहनेगरेको पनि देखिन्छ । यस कारणले संग्रहका केही रचना संरचनामा पनि निकै फितला छन् । सम्भवतः प्रवचनको क्रममा व्यक्त गरिएका स्वस्फूर्त धारणालाई उचित लेखन र सम्पादन बेगर संग्रहमा समावेश गरिएकाले पनि होला ... । (पृ.ङ)

उप्रेतीले 'सम्भवतः' भने पनि अधिकांश समालोचनामा अनेक असावधानीहरू देखिएकाले यो उनका समालोचनालेखनको प्रवृत्तिकै रूपमा स्थापित भएको देखिन्छ । उपर्युक्त विमर्शका आधारमा समालो चना प्रक्रियाका दृष्टिले भट्टको समालोचनाकारिता संरचनागत रूपले पूर्ण व्यवस्थित, शृङ्खलित र प्रक्रियाबद्ध हुन सकेको देखिँदैन ।

**प्रस्तुतीकरण**

समालोचनाको रूपयोजनाको एउटा महत्वपूर्ण पक्ष प्रस्तुतीकरण हो । प्रस्तुतीकरणअन्तर्गत प्रत्येक समालोचनाको संरचना र समग्र समालोचनासङ्ग्रहको संरचनागत स्वरूप पर्दछन् । यी दुवै सन्दर्भमा शृङ्खलाबद्धता, संरचनाको उपयुक्तता, ढाँचागत एकरूपता र आकर्षक रूपकल्प (आर्किटेक) आदि कुराहरूको विशेष व्यवस्था गरिएको हुन्छ । प्रस्तुतिअन्तर्गत समालोचनाका लागि आवश्यक हुने भाषाशैलीको उपयुक्तता, भाषिक शुद्धताजस्ता कुराहरू पनि पर्दछन् । यसमा समालोचना तथा

समालोचनासङ्ग्रहको शीर्षक, पूर्वाङ्गखण्ड, मूलपाठ र सन्दर्भसामग्री खण्डको समुचित व्यवस्थापनमा समेत विशेष ध्यान दिनु आवश्यक हुन्छ । अभिलेखीकरणका विभिन्न युक्तिहरू; जस्तै : उद्धरण, सन्दर्भस्रोतको उल्लेख, सन्दर्भ सामग्रीसूचीको एकरूपतापूर्ण प्रयोगसमेत प्रस्तुतीकरणका महत्वपूर्ण पक्ष हुन् । यी सबैका समग्रतामा समालोचनासङ्ग्रहको अनुसन्धानात्मक कलामूल्यको निर्माण भएको हुन्छ र त्यसले समालोचनाका अन्तर्वस्तु पक्षलाई प्रभावकारी ढङ्गले वहन सक्दछ ।

व्यावहारिक समालोचना कृतिमा सङ्कलित समालोचनाहरूको प्रस्तुतीकरणमा समालोचकले ध्यान पुऱ्याएको देखिँदैन । विविध विषयसम्बद्ध समालोचना भए पनि प्रस्तुतिकलाको एकरूपता निर्माण हुन नसक्दा यी समालोचनाहरू स्वतन्त्र संरचना भएका प्रबन्धजस्ता देखिन्छन् । समालोचनामा विषयवस्तुको क्रमबद्ध प्रस्तुति नभएकाले ती प्रक्रियानिष्ठ प्रयत्नका प्रतिफल नभएर उन्मुक्त प्रकृतिका देखिन्छन् । समालोचनाको विधाशास्त्रअनुरूप नदेखिने यी समालोचनाहरू परवर्ती समालोचकका लागि अनुकरणीय दृष्टान्त बन्न सक्ने स्थिति देखिँदैन । विषयको उठान, विषयको विस्तार र विषयको बैठानको शृङ्खलामा पनि यी समालोचनाहरू कमजोर देखिन्छन् । विश्लेष्य सङ्ग्रहको प्रस्तुतीकरणका बारेमा यसै सङ्ग्रहको 'भूमिका' मा गङ्गाप्रसाद उप्रेतीले लेखेका छन्– "यो तीन दशकमा नेपाली समाजमा अनेक परिवर्तन भएका छन् । त्यसैल आज आएर प्रस्तुत गरिने संग्रहलाई अद्यावधिक बनाउन केही सम्पादन हुनु आवश्यक थियो तर संभवतः लेखकको व्यस्तताले अद्यावधिक बनाउने काम हुन सकेन" (पृ.ङ) । उप्रेतीले भनेजस्तै यस सङ्ग्रहका समालोचनाको प्रस्तुतीकरण फितलो र अव्यवस्थित रहेको छ । समालोचनाको बाह्य कलेबरमा यसका पाठकलाई आकर्षित गर्नसक्ने युक्तिको अभाव देखिन्छ । यो समालोचनाकृति प्रकाशित भएको समयसम्म नेपाली समालोचनालेखनमा पनि अनेक प्रकारका विधिपद्धति र रूपाकृतिको विकास भइसकेको देखिन्छ । ती कुनै पनि विधिपद्धतियुक्त रूपाकृतिलाई समालोचकले अवलम्बन गर्न नचाहेको वा गर्न नखोजेको स्पष्ट देखिन्छ । प्रस्तुतिअन्तर्गत प्रत्येक समालोचनाको अन्त्यमा दिइएको पूर्वप्रकाशित स्रोतसूचना भने यसको सकारात्मक पक्ष हो । यसले कुन समालोचना कहिले प्रकाशित भएको हो र त्यसले त्यतिबेलाको रूपगत चेतनालाई कसरी बोकेको छ भन्ने कुराको अनुमान पाठकले लगाउन सक्छ तर यत्तिले समालोचनाको प्रस्तुतीकरण प्रभावकारी बन्न सक्दैन भन्ने कुरालाई समालोचक भट्टले हेक्का राख्न सकेको देखिँदैन ।

प्रस्तुतीकरणअन्तर्गत यस सङ्ग्रहको अर्को कमजोर पक्ष भाषाशैली विन्यास हो । वर्णविन्यासमा धेरै त्रुटिहरू छन् । वाक्यगठन, वाक्यहरूका बिचको पूर्वापर सम्बन्ध, अनुच्छेदयोजना र अनुच्छेदहरूको अन्वययुक्त सम्बन्धबाट निर्मित हुने सङ्कथनरूपी समालोचनाको सङ्गठन पनि फितलो देखिन्छ । सूचनाको प्रस्तुतिलाई यस सङ्ग्रहले महत्व दिए पनि सूचनाको प्रस्तुति मात्र वा तथ्यहरूको प्रस्तुति र तिनको तर्कबद्ध विश्लेषणलाई परिनिष्ठित भाषाशैलीमा संयोजन यस सङ्ग्रहमा हुन सकेको देखिँदैन । विचारधाराका आधारमा तर्कहरू प्रस्तुत गरिएका भए पनि तिनको प्रस्तुतिक्रम र सम्बद्ध

समालोचनाको शीर्षकले निर्देश गरेअनुरूपको विमर्श तथा पुष्टिमा पाठक अनेक प्रकारका अभाव, असङ्गति र अव्यवस्थाको अनुभूति गर्न बाध्य हुन्छ । यी समालोचना कुनै निश्चित विधिपद्धति र व्यवस्थासापेक्ष नभएर समालोचक स्वयंका मनोलोकीय पक्ष र निजी व्यवस्थापन चेतनाका प्रतिबिम्बन हुन् ।

## निष्कर्ष

आनन्ददेव भट्ट प्रगतिवादी नेपाली समालोचनाका क्षेत्रमा सुपरिचित छन् । पाँचओटा समालोचनाकृतिमध्ये पछिल्लोव्यावहारिक समालोचना भट्टको समालोचना क्षमतालाई देखाउने सबैभन्दा बलियो कृति हो । जम्मा सोह्रओटा समालोचनाहरू सङ्कलित यस कृतिले भट्टका समालोचनायात्राको तीन दशकलाई प्रतिनिधित्व गर्दछ । पहिले नै फुटकर रूपमा प्रकाशित समालोचनाहरूको सङ्कलन रहेको यस सङ्ग्रहमा विषयका दृष्टिले स्रष्टापरक, कृतिपरक, प्रवृत्तिपरक, साहित्यिक अभियानसम्बद्ध र विधाको लक्षणशास्त्रीय गरी पाँच प्रकारका समालोचनाहरू छन् । यिनमा कृतिपरक र स्रष्टापरक समालोचनाको बाहुल्य रहेको छ । विमर्शका लागि गतिशील स्रष्टा र कृतिहरू चयन गरिएको यस समालोचना कृतिमा मूलतः प्रगतिवादी विचारधाराको अवलम्बन गरिएको छ । विचारधारा अनुकूलको विधिपद्धति चयन गर्न नसक्नु यस सङ्ग्रहको सीमा हो ।

स्रष्टा, कृति र प्रवृत्तिका साथै स्रष्टासँग कृति एवं प्रवृत्तिको अन्वय गरी विमर्श गर्ने प्रवृत्ति यस सङ्ग्रहका समालोचनामा देखिन्छ । स्रष्टा, कृति र प्रवृत्तिको मूल्यनिर्णयमा समालोचक भट्ट निर्भीक देखिन्छन् तथापि आफैँद्वारा निर्धारित मूल्यको तथ्यगत पुष्टि, त्यसको आधिकारिकता र वैधताका दृष्टिले यी समालोचनाहरू अस्पष्ट र अव्यवस्थित छन् । यस कृतिमा समालोचना प्रक्रियाको परिपालना व्यवस्थित हुन सकेको छैन भने त्यसको प्रस्तुति पनि प्रभावकारी बन्न सकेको छैन । व्यावहारिक समालोचना भनिए पनि समालोचनाको व्यावहारिक रूप सघन हुन सकेको छैन भने त्यसको बाह्य कलेबर पनि समालोचनाको व्यवस्थाअनुकूल हुन सकेको छैन । समालोचनाका लागि चयन गरिएका विषय सान्दर्भिक दृष्टिले उपयुक्त र युगानुकूल तथा सामयिक दृष्टिले उत्कृष्ट हुनु; प्रगतिवादी विचार धाराका आधारमा स्रष्टा, कृति र प्रवृत्तिको परख तथा मूल्याङ्कन गर्न खोज्नु यसको सबल पक्ष हो भने समालोचनालेखनको योजना, विधि र प्रस्तुतिको व्यवस्थामा ध्यान पुऱ्याउनु नसक्नु; तथ्यको पुष्टि गर्दा विचारधारा, तर्कशास्त्र र विधाशास्त्रको सन्तुलित प्रयोग गर्न नसक्नु; अभिलेखीकरण व्यवस्थालाई ऐच्छिक बनाउनु; भाषाको संरचना र अर्थपक्षको शुद्धतामा बेवास्ता गर्नु यसका दुर्बल पक्ष हुन् ।

समग्रमा अन्तर्वस्तुका तहमा यस समालोचना सङ्ग्रहका समालोचनाहरू उपयुक्त देखिए पनि त्यसलाई अभिव्यक्त गर्ने रूपयोजनाको व्यवस्थाका दृष्टिले कमजोर छन् । व्यावहारिक समालोचना कृतिका आधारमा समालोचक आनन्ददेव भट्ट प्रगतिवादी विचारधाराका बाहक भए पनि व्यावहारिक समालोचनाका व्यवस्थापक बन्न सकेको देखिँदैन ।

## सन्दर्भ सामग्री


अधिकारी, बालाकृष्ण (२०७६), डायस्पोराबाट नेपालका समालोचनामा होमनाथ सुवेदीको समालोचनाकारिता, के.एम.सी. नेपाली जर्नल. २(२), १०३–११८ ।

अधिकारी, बालाकृष्ण (२०७६), नेपाली साहित्यको इतिहासलेखनका पद्धति, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, बालाकृष्ण (२०७७), मार्क्सवाद र साहित्येतिहास दर्शन, शिखा बुक्स ।

आफ्नास्येभ, भिक्टर (२०६३), दर्शनशास्त्रको प्रारम्भिक ज्ञान (नेपाली अनुवाद), एसिया पब्लिकेसन्स ।

उप्रेती, गङ्गाप्रसाद (२०४८), भूमिका, व्यावहारिक समालोचना, आनन्ददेव भट्ट (ले.). भारâाज प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६४), मार्क्सवादी कलादृष्टि र समीक्षा (दोस्रो संस्क.), ऐरावती प्रकाशन प्रा.लि. ।

त्रिपाठी, वासुदेव (२०६६), साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि, पाठ्यसामग्री प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (छैटौँ संस्क.), साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००९), नेपाली साहित्यको परिचयात्मक इतिहास (दोस्रो संस्क.), एकता बुक हाउस ।

पाण्डेय, ताराकान्त (२०६८), अर्थको आनन्द, विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

भट्ट, आनन्ददेव (२०४८), व्यावहारिक समालोचना, भारद्वाज प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, दयाराम (२०७७), साहित्यको अनुसन्धान व्यवस्थापन (अनुसन्धान दर्शन), शिखा बुक्स ।

श्रेष्ठ, दयाराम र अधिकारी, बालाकृष्ण (२०७७), साहित्यको इतिहास, साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०५९), नेपाली साहित्यको संक्षिप्त इतिहास (छैटौँ सस्क.), साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५६), नेपाली साहित्यको इतिहास (चौथो संस्क.), अक्षर प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८), नेपाली समालोचना : परम्परा र प्रवृत्ति (दोस्रो संस्क.), पाठ्यसामग्री प्रकाशन ।